# भिमाद नगरपालिका बालअधिकार ऐन, २०७९

<u>प्रमाणीकरण तथा प्रकाशित मिति</u>

**२०७९।११।०५**

<u>बालअधिकार सम्बन्धी कानूनलाई व्यवस्थित गर्ने वनेको ऐन</u>

**प्रस्तावनाः** बालबालिकाहरूको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति एंव बालबालिकाको सर्वोत्तम हित कायम गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्दै बालमैत्री नगरपालिकाको स्थापित गराउन बालबालिका सम्बन्धी कानून तर्जुमा गरी बालअधिकारलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

भिमाद नगरपालिकाको तेह्रौं नगरसभा अधिवेसनले यो ऐन जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम प्रारम्भः</u>** (१) यो ऐनको नाम भिमाद नगरपालिका बालअधिकार ऐन, २०७९ रहनेछ।

(२) यो ऐन नगरसभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

(३) यो ऐन भिमाद नगरपालिका भर लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>-** विषय र प्रसङ्गले अन्य अर्थ नलागेमा यस ऐनमा,

(क) “बालअधिकार" भन्नाले बालबालिका ऐन, २०७५ र यस ऐनमा व्यवस्थित अधिकारलाई जनाउनेछ।

(ख) "महासन्धि" भन्नाले बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९८९ लाई जनाउनेछ।

(ग) "समिति" भन्नाले दफा ३, ४ र ५ बमोजिमको समितिलाई जनाउनेछ ।

(घ) "बालकल्याण अधिकारी" भन्नाले यस ऐनको दफा ७ बमोजिमको अधिकारीलाई जनाउनेछ।

(ङ) "नगरपालिका" भन्नाले भिमाद नगरपालिकालाई जनाउनेछ ।

(च) "प्रमुख" भन्नाले भिमाद नगरपालिकाको प्रमुखलाई जनाउनेछ ।

(छ) “तोकए बमोजिम” भन्नाले यस ऐन बमोजिमको नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डलाई जनाउनेछ ।

(ज) "कार्यपालिका" भन्नाले भिमाद नगरपालिकाको नगर कार्यपालिकालाई जनाउनेछ ।

(झ) "उपप्रमुख" भन्नाले भिमाद नगरपालिकाको उपप्रमुखलाई जनाउनेछ ।

(ञ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले भिमाद नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।

(ट) “अध्यक्ष” भन्नाले वडा कार्यालयको वडा अध्यक्षलाई जनाउनेछ ।

(ठ) "बालबालिका" भन्नाले १८ बर्षभन्दा कम उमेर भएका बालबालिकालाई जनाउनेछ ।

## परिच्छेद -२

## समिति सम्बन्धी व्यवस्था

३. **<u>स्थानीय बाल संरक्षण समितिको गठनः-</u>** (१) भिमाद नगरपालिकामा देहाय बमोजिम बाल संरक्षण समिति रहनेछ ।

(क) नगरपालिकाको प्रमुख -संयोजक

(ख) नगरपालिकाको उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य

(ङ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य

(च) बाल अधिकार क्षेत्रमा काम गर्ने गैह्र सरकारी संस्थाको एक जना प्रतिनिधि – -सदस्य

(छ) नगर प्रमुखले तोकेका २ जना वडा अध्यक्षहरु -सदस्य

(ज) नगर प्रमुखले तोकेका कार्यपालिकाका २ जना महिला सदस्यहरु -सदस्य

(झ) बालबालिका सम्बन्धी विषय हेर्ने नगरपालिकाको शाखा प्रमुख —सदस्य सचिव

(२) **बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार** देहाय बमोजिम हुनेछ ।

(क) बालबालिकाको हक हित संरक्षणसम्बन्धी नीति तथा योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने गराउने,

(ख) संघीय र प्रादेशिक कानून अनुसार स्वीकृत बाल अधिकार सम्बन्धी कार्यक्रमहरु तयार गर्ने ।

४. **<u>स्थानीय बालअधिकार समितिको गठनः</u>** (१) बाल अधिकारको संरक्षण र सम्बर्द्धनमा टेवा पुऱ्याउने कार्यका लागि देहाय बमोजिम बाल अधिकार समिति रहनेछ ।

(क) उपप्रमुखले तोकेको कार्यपालिकाको सदस्य -संयोजक

(ख) नगरपालिकाको स्वास्थ्य शाखाको कर्मचारी -सदस्य

(ग) बाल अधिकार क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको एक जना प्रतिनिधि- -सदस्य

(घ) नगर बाल मञ्चको अध्यक्ष -सदस्य

(ङ) बालबालिका सम्बन्धी विषय हेर्ने नगरपालिकाको शाखा प्रमुख -सदस्य सचिव

(२) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(क) योजना र कार्यक्रमलाई लागु गर्न आवश्यक संयन्त्र तयार गर्ने,

(ख) बालअधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको अभिलेख राखी अनुगमन र नियमन गर्ने,

(ग) वडास्तरीय बालअधिकार समितिको वार्षिक कार्यक्रमको प्रगति समिक्षा तथा मूल्यांकन गर्ने ।

(घ) बाल सुधार गृह, बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनस्थापना केन्द्र सम्बन्धी आवश्यक कार्य गर्ने ।

५. **<u>वडा स्तरीय बाल अधिकार समिति सम्बन्धी व्यवस्थाः</u>-** वडा स्तरीय बालअधिकार समितिको गठन देहाय बमोजिम हुनेछ।

(क) सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको वडा सदस्य -संयोजक

(ख) वडामा रहेको स्वास्थ्य संस्थाको प्रमुख - सदस्य

(ग) वडास्तरीय बाल संजालको अध्यक्ष - सदस्य

(घ) सामुदायिक विद्यालयका शिक्षकहरु मध्ये कम्तीमा एक जना महिला सहित अध्यक्षले तोकेको २ जना - सदस्य

(ङ) वडा सचिव - सदस्य -सचिव

६. **<u>वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः</u>**- वडा स्तरीय बालअधिकार समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बालअधिकारको प्रबर्द्धन तथा संरक्षण स्थानीय बालमैत्री शासन सञ्चालन र बालबालिका क्षेत्रमा आवश्यक कार्य गर्ने,

(ख) बालमैत्री स्थानीय शासन सम्बन्धी वडा स्तरको योजना तयार गर्ने,

(ग) बालमैत्री स्थानीय तहको लागि समन्वयकारी भूमिका खेल्ने,

(घ) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने,

(ङ) बालक्लब गठन तथा परिचालनमा  सहयोग गर्ने,

(च) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एंव सामाजिक संघ संस्था र समूह विच आवश्यक समन्वय गर्ने गराउने ।

७. **<u>बालकल्याण अधिकारी सम्बन्धी व्यवस्थाः-</u>** (१) बालअधिकार समितिका काम कारवाही र निर्णयलाई कार्यान्वयन गर्न एक जना बालकल्याण अधिकारी रहनेछ ।

(२) दफा ३ बमोजिम समितिको सदस्य सचिवले बालकल्याण अधिकारीको रुपमा कार्य गर्नेछ ।

(३) बालकल्याण अधिकारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **<u>कार्यकाल सम्बन्धी व्यवस्था :-</u>**बाल संरक्षण समिति र बाल अधिकार समितिको कार्यकाल गठन भएको मितिले तीन वर्षको हुनेछ ।

## परिच्छेद- ३

## बाल श्रमलाई निषेध गरिने

९. **<u>बालबालिकालाई श्रममा लगाउन नपाइनेः-</u>** (१) नगरपालिकाभित्र कसैले पनि बालबालिकालाई श्रममा  लगाउन पाइने छैन

(२) उपदफा (१) बमोजिम कसैले बालबालिकालाई श्रममा लगाइएको पाइएमा संघीय कानुन बमोजिम दण्डनीय हुनेछ ।

१०. **<u>बालबालिकाको इच्छा विरुद्ध काममा लगाउन नहुने</u>** :- कसैले पनि बालकलाई ललाइ, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास, दवाबमा पारी अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमीकको रुपमा काम लगाउनु हुँदैन ।

११. **<u>बालश्रम न्यूनीकरण गर्न प्रवद्धनात्मक कार्यक्रम गर्नेः-</u>** बालबालिका सम्बन्धी कार्य गर्ने शाखाले बालश्रम न्यूनीकरण गर्नको लागि नगर सभाले स्वीकृत कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद- ४

## विविध

**१२.** **<u>बाल कोष सम्बन्धी व्यवस्थाः</u>** (१) असहाय, अपाङ्गता भएका बालबालिकाको पालन पोषण, सामाजिक सुरक्षा जस्ता कल्याणकारी कार्य गर्नको लागि कोष स्थापना गर्न सकिनेछ ।

(२) कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

**१३.** **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमावली बनाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

१४. **<u>निर्देशिका, मापदण्ड तथा कार्यविधि बनाउन सक्नेः</u>** यस ऐन तथा यस ऐनको अधिनमा रही नगर कार्यपालिकाले आवश्यक निर्देशिका, मापदण्ड तथा कार्यविधि जारी गर्न सक्नेछ ।

१५. **<u>बाधा अड्काउ फुकाउः</u>** यस ऐनको उद्देश्य कार्यन्वयन गर्न बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा हुनेछ ।

१६. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम हुनेछ र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

१७. **<u>खारेजी तथा बचाउ</u>**: यस ऐन प्रारम्भ हुनुभन्दा अगाडि बाल अधिकार व्यवस्थित गर्ने विषयमा भएका काम कारबाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

भिमाद नगरपालिकाको मिति २०७९।१०।२७ गतेको तेह्रौं नगरसभाले सर्वसम्मत रुपमा पारित गरेको भिमाद नगरपालिका बालबालिका ऐन, २०७९ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम प्रमाणीकरण गर्दछु ।

.....................

दधिराज सुवेदी

नगरप्रमुख

प्रमाणीकरण मिति- २०७९।११।०५